# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ९) काठमाडौं, पौष ११ गते, २०८२ साल


**भाग १**

## काठमाडौं महानगरपालिका,
## महानगर प्रहरी ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना**: काठमाडौँ महानगरपालिका महानगर प्रहरी ऐन, २०८० लाई संशोधन गर्न बाञ्छनीय भएकोले, काठमाडौँ महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "महानगर प्रहरी (पहिलो संशोधन) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **महानगर प्रहरी ऐन, २०८० को दफा २ मा संशोधनः** महानगर प्रहरी ऐन, २०८० (यस पछि "मूल ऐन" भएको) दफा २को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थप गरिएकोः

""पदपूर्ति समिति" भन्नाले दफा १०क. बमोजिम गठित पदपूर्ति समिति सम्झनुपर्छ।"

३. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) नगर प्रहरी सेवामा देहायका पद र तहहरु रहनेछनः

| | |
|---|---|
| (क) नगर प्रहरी वरिष्ठ उपरीक्षक | - अधिकृतस्तर दशौं |
| (ख) नगर प्रहरी उपरीक्षक | - अधिकृतस्तर नवौं |
| (ग) नगर प्रहरी नायब उपरीक्षक | - अधिकृतस्तर आठौं |
| (घ) नगर प्रहरी निरीक्षक | - अधिकृतस्तर सातौं |
| (ङ) नगर प्रहरी वरिष्ठ नायब निरीक्षक | - अधिकृतस्तर छैठौं |
| (च) नगर प्रहरी नायब निरीक्षक | - सहायकस्तर पाँचौं |
| (छ) नगर प्रहरी सहायक निरीक्षक | - सहायकस्तर चौथो |
| (ज) नगर प्रहरी वरिष्ठ हवल्दार | - सहायकस्तर तेस्रो |
| (झ) नगर प्रहरी हवल्दार | - सहायकस्तर तेस्रो |

(ञ) नगर प्रहरी जवान - सहायकस्तर दोस्रो

(ट) नगर प्रहरी कार्यालय सहयोगी - सहायकस्तर पहिलो".

४. दफा ६ को उपदफा (१) पछि देहायको उपदफा १क. थप गरिएको छः

"१क. नगर प्रहरी बल प्रमुखका हकमा रितपूर्वकको पदपूर्ति प्रक्रिया पूरा गरी सुशासन समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।"

५. दफा ६ को उपदफा (३) पछि देहायको उपदफा ३क. थप गरिएको छः

"(३क) यो कानुन जारी हुनु पश्चात् वा अगावै सम्मानित अदालतको फैसला अनुसार तह वृद्धी भएका नगर प्रहरीलाई अनुसुची १ मा उल्लेख भएबमोजिमको दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ र निजहरुको ज्येष्ठता कार्यसम्पादन मूल्यांकनको आधारमा हुनेछ।"

६. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः

"१०. पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले महानगर प्रहरीको नियुक्ति गर्नेछ।"

७. दफा १० पछि देहायको दफा १०क. थप गरिएको छः

"**१०क. पदपूर्ति समितिः**

(१) महानगर प्रहरीको पदपूर्ति गर्न महानगरपालिकामा एक पदपूर्ति समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिको गठन देहाय बमोजिम हुनेछः

(क) कार्यपालिकाले तोकेको नेपाल सरकारको कम्तिमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवानिवृत्त व्यक्ति - अध्यक्ष

(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि एक जना - सदस्य

(ग) बागमती प्रदेश लोकसेवा आयोगको प्रतिनिधि एक जना - सदस्य

(घ) नेपाल प्रहरीको कम्तिमा वरिष्ठ प्रहरी उपरीक्षक दर्जाको प्रतिनिधि एक जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ठ अधिकृत - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नियुक्त हुने अध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नयाँ नियुक्ति हुने पदका लागि पाठ्क्रम निर्धारण गर्ने, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने, बढुवा तथा नयाँ नियुक्तिका लागि सिफारिस गर्ने, नेपाल प्रहरीको आधारभूत सिद्धान्त र लोकसेवा आयोग सम्बन्धी प्रचलित कानुन समेतका आधारमा पदपूर्ति सम्बन्धी आवश्यक कार्यविधि आफै बनाउन सक्नेछ।"

(५) यस समितिले नगर प्रहरी जवान, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी निरीक्षकको रिक्त दरबन्दीमा उपदफा (४) मा तोकिएको आधारमा पदपूर्तिका लागि सिफारिस गर्नेछ । साथै नेपालको संविधानको अनुसूची ८ बाट प्राप्त एकल अधिकारका आधारमा त्यस्तो रिक्त दरबन्दी मध्येको ४० प्रतिशत पदपूर्ति काठमाडौं महानगरपालिकाका स्थायी बासिन्दाका लागि आरक्षित हुनेछ।

८. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) नगर प्रहरी सेवाको विभिन्न पदमा स्थायी पदपूर्ति, पदपूर्ति समितिको सिफारिसमा हुनेछ।"

९. मूल ऐनको दफा ११ को उपदफा (२) र उपदफा (३) हटाइएको छ।

१०. मूल ऐनको दफा ११ को उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) महानगरपालिकाको महानगर प्रहरी सेवामा पदपूर्ति गर्दा सामान्यत नेपाल प्रहरीको मापदण्डलाई आधार बनाउनु पर्नेछ।"

दफा ११ को उपदफा (४) पश्चात देहायको उपदफा (५) थप गरिएको छः

"(५) नगर प्रहरी जवान र नगर प्रहरी कार्यालय सहयोगी पदको रिक्त दरवन्दीमा तत्काल स्थायी पदपूर्ति हुन नसक्ने देखिएमा स्थायी सेवामा पदपूर्ति नभएसम्मका लागि करार सेवामा नियुक्त गर्न सक्नेछ।"

११. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

"(२) महानगर प्रहरीको बढुवा पदपूर्ति समितिले सिफारिस गरे वमोजिम हुनेछ।"

दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (३) (४) (५) र (६) थप गरिएको छ।

"(३) वढुवाको लागि सम्भाव्य उम्मेदवार बन्ने अवधिः नगर प्रहरी हवल्दार देखि नगर प्रहरी नायव निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा तीन वर्षको अवधि पुगेको र नगर प्रहरी बरिष्ठ नायव निरीक्षक देखि नगर प्रहरी उपरीक्षकसम्मका एक तह मुनिका पदमा कम्तिमा चार वर्ष अवधि पुगेको हुनुपर्नेछ।"

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन।

(१) निलम्बन भएको अवधिभर,

(२) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(३) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(४) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,

(५) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(६) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म ।

(५) बढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधारः नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस ऐन वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ। तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछः

(क) एकतह मुनिको पदमा नोकरी गरेको अवधिको आधारमा

(ख) खण्ड (क) वमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा

(ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

(घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छः

१. नोकरीको जेष्ठता

२. कार्यसम्पादन मूल्याकंन

३. शैक्षिक योग्यता

४. तालिम

(ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

(च) वढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको अंक निम्न बमोजिम दिईने छ ।

(छ) शैक्षिक योग्यता बापत बढीमा २० अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय वमोजिम गरिनेछः

<u>शैक्षिक योग्यता</u>

(क) हाल वहाल रहेको पदमा

| प्रथम | द्धितिय | तृतिय | कैफियत |
|---|---|---|---|
| १५ | १३ | ११ | |

(ख) नयाँ नियुक्ति दिदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथि को शैक्षिक योग्यता भएमा

| प्रथम | द्धितिय | तृतिय |
|---|---|---|
| ५ | ४ | ३ |

(१) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्धितिय श्रेणी मानिनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतिय श्रेणी मानिनेछ ।

(३) नगर प्रहरी नायव उपरीक्षक र सो भन्दा माथिको पदमा वढुवाको लागि नगर प्रहरी निरीक्षक पदको निमित्त आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

(४) नगर प्रहरी नायब निरीक्षक पदमा वढुवाको लागि नगर प्रहरी सहायक निरीक्षक पदको निमित आवश्यक पर्ने शैक्षिक योग्यतालाई आधार मानिनेछ।

(ग) सेवा कालिन तालिम बापत अधिकतम ५ अंक दिइने छ।

| प्रथम | द्बितिय | तृतिय |
|---|---|---|
| ५ | ४ | ३ |

(घ) कार्यसम्पादन बापत ४५ अंक दिइनेछ।

(१) सुपरिवेक्षकले अधिकतम २५ अंक दिन सक्नेछ।

(२) पुनरावलोकनकर्ताले १५ अंक दिन सक्नेछ।

(३) पुनरावलोकन समितिले ५ अंक दिन सक्नेछ।

(ङ) नगर प्रहरी जवान देखि नगर प्रहरी बरिष्ठ नायव निरीक्षक सम्म सुपरिवेक्षक नगर प्रहरी निरीक्षक वा नगर प्रहरी नायब उपरीक्षक पुनरावलोकनकर्ता महानगर प्रहरी बल प्रमुख

(च) नगर प्रहरी निरीक्षक देखि नगर प्रहरी बरिष्ठ उपरीक्षक सम्म सुपरिवेक्षक नगर प्रहरी बल प्रमुख पुनरावलोकन कर्ता प्रमुख प्रशासकीय अधिकृत हुनेछ।"

१२. **दफा १६ पछि देहाय बमोजिमको दफा १६क थप गर्ने**

१६क. बढुवा सम्बन्धी विशेष व्यवस्थाः एउटै पदमा कम्तीमा बाह्र वर्षसम्म वहाल रहेको महानगर प्रहरी कर्मचारी अनिवार्य अवकाश हुन एक महिना बाँकी रहँदा विशेष पद श्रृजना गरी निजालाई एक तह माथिको पदमा पदोन्नती गरी अवकास गरिनेछ र निजको अवकाश पछि सो पद स्वतः खारेज हुनेछ।

१३. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः

"(१क) स्थायी पदपूर्ति सम्वन्धी विशेष व्यवस्थाः नेपाल सरकारका विभिन्न सुरक्षा निकायका लागि विभिन्न पदमा कर्मचारी छनौटमा लोकसेवा आयोगका परीक्षा प्रक्रियाहरु पुरा गरी बैकल्पिक तथा अस्थायी सूचीमा रहेका व्यक्तिहरुलाई र हाल कार्यरत महानगर प्रहरी जवान लाई काठमाडौं महानगरपालिका महानगर प्रहरीको रिक्त दरवन्दीमा अन्तर्वार्ताको माध्यमबाट स्थायी गर्न सकिने छ। (अन्य पदपूर्तिमा पनि सोही व्यवस्था कायम गरिनेछ)

तर यसपछी नेपालको संविधानको अनुसूची ८ बाट प्राप्त एकल अधिकारका आधारमा त्यस्तो रिक्त दरबन्दी मध्येको ४० प्रतिशत पदपूर्ति काठमाडौं महानगरपालिकाका स्थायी वासिन्दाका लागि आरक्षित हुनेछ।

स्पष्टीकरणः उपरोक्त बमोजिमको पदपूर्ति प्रचलित कानुनले तोकेको आरक्षण व्यवस्था अनुसार हुनेछ।"

१४. **मूल ऐनको दफा ४४ मा संशोधनः** मूल ऐनको दफा ४४ को उपदफा (२) (३) र (४) को सट्टा देहायको उपदफा (२) (३) र (४) राखिएको छः

"(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा ज्येष्ठता, शैक्षिक योग्यता र कार्य सम्पादनस्तरमा उल्लेखनीय देखिएका नगर प्रहरी उपरीक्षक मध्येबाट छनोट गरी सुशासन समितिले कार्यपालिकामा निर्णयका लागि पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम सुशासन समितिले कार्यपालिकामा निर्णयको लागि पेश गर्नु पूर्व प्रमुख प्रशासकीय अधिकृतबाट नगर प्रहरी उपरीक्षकहरुको ज्येष्ठता, शैक्षिक योग्यता र कार्य सम्पादनस्तरको योग्यताक्रमको सूची प्राप्त गरी सो समेतका आधारमा उच्च अंक प्राप्त गर्ने नगर प्रहरी उपरीक्षकलाई कायम मुकायमका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको नगर प्रहरी उपरीक्षकलाई कार्यपालिकाले नगर प्रहरी वरिष्ठ उपरीक्षकको पदमा कायम मुकायम मुकरर गर्नेछ।"

१५. **मूल ऐनको अनुसूचीमा संशोधनः** मूल ऐनको अनुसूची (१) पछि देहायको अनुसुची (२) थप गरिएको छः

"अनुसूची-२

(दफा १६ सँग सम्बन्धित)

कार्यसम्पादन मुल्याङ्कन फारम

दर्ता

विवरण पेश गरेको कार्यालयः- नं.ः-

कर्मचारीको नामः- संकेत नं. मितिः-

पदः- तहः- सेवाः- समूहः-

कार्यालयको नामः- मुल्याङ्कन अवधिमा कार्यरत निकायः-

मुल्याङ्कन अवधिः- मिति देखि सम्म

खण्ड (क) सम्पादित कामको विवरणः-

| कामको विवरण | |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

सम्बन्धित कर्मचारीको दस्तखतः-..................... मितिः-...........

खण्ड (ख) सुपरिवेक्षक र पुनरावलोकनकर्ताको मुल्याङ्कनः-

| विषय | सुपरिवेक्षकको मुल्याङ्कन | | | | | | पुनरावलोकनकर्ताको मुल्याङ्कन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णाङ्क | अति उत्तम° | उत्तम | सामान्य | न्यून | पूर्णाङ्क | अति उत्तम° | उत्तम | सामान्य | न्यून |
| | | ७.५ | ७. | ६.५ | ५.५ | | २.५ | १.७५ | १.५ | १.२५ |
| १. सम्पादित कामको समग्र विवरण | ७.५ | | | | | २.५ | | | | |
| २. सम्पादित कामको समग्र लागत | ७.५ | | | | | २.५ | | | | |
| ३.सम्पादित कामको समग्र समय | ७.५ | | | | | २.५ | | | | |
| ४.सम्पादित कामको समग्र गुण | ७.५ | | | | | २.५ | | | | |
| पूर्णाङ्क | ३० | | | | | १० | | | | |
| प्राप्ताङ्क (अङ्क र अक्षरमा) | | | | | | | | | | |
| सुपरिवेक्षकको<br>दस्तखतः-<br>नाम थरः-<br>पदः-<br>तहः-<br>मितिः- | | | | | | | पुनरावलोकनकर्ताको<br>दस्तखतः-<br>नाम थरः-<br>पदः-<br>तहः-<br>मितिः- | | | |

खण्ड (ग) पुनरावलोकन समितिको मूल्याङ्कनः

| विषय | पूर्णाङ्क | पुनरावलेकन समितिको मुल्याङ्कन | | | |
|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| | | १ | ०.७५ | ०.५ | ०.२५ |
| १. कार्य जिम्मेवारी र नतिजा मूल्याङ्कन | १ | | | | |
| २. कार्य जिम्मेवारी र नतिजा मूल्याङ्कन | १ | | | | |
| ३. सिर्जनशीलता र अग्रसरता | १ | | | | |
| ४. उत्तरदायित्व र पेशागत इमान्दारीता | १ | | | | |
| ५. समयपालना र अनुशासन | १ | | | | |
| पूर्णाङ्क | ५ | | | | |
| प्राप्ताङ्क (अङ्क र अक्षरमा) | | | | | |

पुनरावलोकन समितिको पदाधिकारीहरूकोः-

नामः- पदः- कर्मचारी सङ्केत नं.ः- दस्तखतः

१)

२)

३)

स्वीकृत मितिः २०८२/०९/११

ने.सं. ११४६ पोहेलाथ्व खस्थि

आज्ञाले

सरोज गुरागाइँ

प्रमुख प्रशासकीय अधिकृत